# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जैमिनी नगरपालिका

बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जैमिनी नगरपालिका

### बागलुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## जैमिनी नगरपालिका

बागलुङ


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
जैमिनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाग्लुङ्ग ।

**कैफियत सहितको राय**

हामीले जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ६ करोड ८६ लाख ९४ हजार बेरुजू देखिएको छ। प्रारम्भिक प्रतिवेदन उपर पालिकाबाट प्रतिकृया प्राप्त भएन। उपरोक्त बेरुजू मध्ये असुल गर्नुपर्ने रू. ३२ लाख ८५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ८८ लाख ३१ हजार, अनियमित रु. १ करोड ५१ लाख ४५ हजार र पेश्की रू. १४ लाख ३३ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु. ७ करोड ९१ लाख ५९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १४ करोड ७८ लाख ५३ हजार रहेको छ। नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

जयराम घिमिरे
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

रकम रु. हजारमा

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४६ | १८२ | ६८६९४ | ० | ० | ० | ४६ | १८२ | ६८६९४ | ३२८५ | १५१४५ | ४८८३१ | ० | ० | ६३९७६ | १४३३ |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

रकम रु. हजारमा

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जैमिनी नगरपालिका | ७९१५९ | ० | ० | ७९११५९ | ० | ६८६९४ | १४७८५३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : जैमिनी नगरपालिका, बागलुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ज्ञानराज कोइराला | २०७७-८-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सूर्य बहादुर बि.क. | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६८,६९३,६९२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,७५,६७,५००.३८ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७३,२५,५८,०३३.१८ | **चालु खर्च** | ५७,६५,७२,७५१.३१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३५,७५,००० | **पूँजीगत खर्च** | २२,००,७५,९९४.१५ |
| **राजश्व बाँडफाँट** | ९,१७,१८,००५.५२ | **वित्तीय/अन्य व्यवस्था** | ५,२०,३६,३०५.७१ |
| **आन्तरिक आय** | १,०३,५१,४८९.२३ | | |
| **अन्य आय** | १,०६,४६,६८८.६ | | |
| **कुल आय** | ८६,८८,४९,२१६.५३ | **कुल खर्च** | ८४,८६,८५,०५१.१७ |
| **बाँकी मौज्दात** | | ९,७७,३१,६६५.७४ | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **लेखापरीक्षण**<br>उल्लिखित आर्थिक कारोबारको लेखापरीक्षण ऐन, २०७५ को दफा ४ तथा स्वीकृत वार्षिक लेखापरीक्षण योजना २०७९, जोखिममा आधारित योजना तथा कार्यक्रमको अधिनमा रहि कार्यालयबाट पेश गरिएको वार्षिक कार्यक्रम लगायतका कागजात तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन प्रतिनिधित्व पत्र समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुको सम्बन्धमा कार्यालय प्रमुख सहितका पदाधिकारीहरुसँग मिति २०७९।६।३ मा छलफल भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् | |
| २ | | | **असुलि**<br>लेखापरीक्षणको क्रममा रु १४४१२३। असुली भई २०७९।५।२० मा दाखिला भएको छ । | |
| ३ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिका, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले जैमिनि नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रदर्शन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालीकाको उद्धेश्य रहेको छ । यस नगरपालीकामा १० वडा, ५३ सभा सदस्य, ११८.७१ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ को जनगणना अनुसार ३१४३० हजार जनसंख्या रहेको छ । | |
| ४ | | | **प्राप्ति र भुक्तानी** | |

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | ७१०२५३१४१.९५ | ७१३०७५५४९.०३ | ७१३०७५५४९.०३ | ६४३३४११११.७१ | ६४३३४११११.७१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ६९३०२५००० | ६९७७४०३०७.०८ | ६९७७४०३०७.०८ | ६०६२७२८८१.७१ | ६०६२७२८८१.७१ |
| ११००० कर | ९३७८५००० | १०२११४५८५ | १०२११४५८५ | ८७२४६१०७.७१ | ८७२४६१०७.७१ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३००० अनुदान | ५९३७३५००० | ५८६७५७९०० | ५८६७५७९०० | ५०७६७६५६४ | ५०७६७६५६४ |
| संघीय सरकार | ५६९८५१००० | ५६३१८२९०० | ५६३१८२९०० | ४८५२९२५६४ | ४८५२९२५६४ |
| प्रदेश सरकार | २३८८४००० | २३५७५००० | २३५७५००० | २१७८४००० | २१७८४००० |
| अन्तरिक श्रोत | ० | ० | ० | ६००००० | ६००००० |
| १४००० अन्य राजस्व | ५५०५००० | ८८६७८२२.०८ | ८८६७८२२.०८ | ११३५०२१० | ११३५०२१० |
| ख. अन्य प्राप्ति | १७२२८१४१.९५ | १५३३५२४१.९५ | १५३३५२४१.९५ | ३७०६८२३० | ३७०६८२३० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० |
| कोषहरु | १७२२८१४१.९५ | १४२०४१४१.९५ | १४२०४१४१.९५ | ३७०६८२३० | ३७०६८२३० |
| धरौटी | ० | ११३११०० | ११३११०० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ७७६९२७९५७.७३ | ६३९९६८३९९.९५ | ६३९९६८३९९.९५ | ६०७१५६३२६.९७ | ६०७१५६३२६.९७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७५९६९९८१५.७८ | ६२७२७३६१२.२८ | ६२७२७३६१२.२८ | ५८३२५५४७९.९४ | ५८३२५५४७९.९४ |
| २१००० पारिश्रमिक / सुविधा | ३२५३८२००० | २९७३१५८५३.०८ | २९७३१५८५३.०८ | २९३०७०६८७.१६ | २९३०७०६८७.१६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७१८७७००० | ५२४४८१६२.१५ | ५२४४८१६२.१५ | ४९८४२५८३.८९ | ४९८४२५८३.८९ |
| २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | ० | ० | ० | ३६३७६९ | ३६३७६९ |
| २५००० सहायता (Subsidy) | ५२१०९००० | ४७५१७१९४.९ | ४७५१७१९४.९ | २०५९६९३४ | २०५९६९३४ |
| २६००० अनुदान | ८५४००० | ० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | ९११९००० | ७४६५९०८ | ७४६५९०८ | २७९४२९८ | २७९४२९८ |
| २८००० अन्य खर्च | ४६१०००० | २४५०५०० | २४५०५०० | १९००८३६ | १९००८३६ |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २९५७४८८१५.७८ | २२००७५९९४.१५ | २२००७५९९४.१५ | २१४६८६३७१.८९ | २१४६८६३७१.८९ |
| घ. अन्य भूक्तानी | १७२२८१४१.९५ | १२६९४७८७.६७ | १२६९४७८७.६७ | ६०७१५६३२६.९७ | ६०७१५६३२६.९७ |
| कोषहरु | १७२२८१४१.९५ | १०३८८४०१.५ | १०३८८४०१.५ | २३९००८४७.०३ | २३९००८४७.०३ |
| धरौटी | ० | २४०१०७० | २४०१०७० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -९४,६८३.८३ | -९४,६८३.८३ | | |
| ङ. यो वर्षको बचत (न्युन) | -६६६७४८१५.७८ | ७३१०७१४९.०८ | ७३१०७१४९.०८ | ३६१८४७८४.७४ | ३६१८४७८४.७४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ६९९२१६४९.५८ | ६९९२१६४९.५८ | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | -६६६७४८१५.७८ | १४३०२८७९८.६६ | १४३०२८७९८.६६ | ३६१८४७८४.७४ | ३६१८४७८४.७४ |
| | | | | | |
| बैंक तथा नगद बाकी | | १४३०२८७९८.६६ | १४३०२८७९८.६६ | ६५९९०९५१.८८ | ६५९९०९५१.८८ |

५

**वित्तीय विवरण**

पालिकाले तयार गरेको वित्तीय विवरणले यथार्थ र वास्तविक स्थितिको चित्रण गर्नु पर्दछ । वित्तीय विवरण सम्बन्धमा देखिएका केही ब्यहोरा निम्नानुसार छनः

1. गत वर्षको वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा अन्तिम मौज्दात रु.९९६९०३१२।— उल्लेख गरेकोमा यो वर्षको सूत्र अनुसारको म.ले.प.फा.नं. २७२ मा गतवर्षको जिम्मेवारी रु.६९९२१६४९।५८ र एकिकृत आर्थिक विवरणमा रु.७७५६७५००।३८ भै क्रमशः रु.२९७६८६६२।४२ र रु.२२१२२८११।६२ ले फरक परेको छ । फरक सम्वन्धमा कुनै खुलाशा गरेको देखिदैन ।

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | २. एकिकृत आर्थिक विवरणमा यो वर्षको कूल आय रु.८६८८४९२१६।२३ उल्लेख भएकोमा सूत्र अनुसार म.ले.प.फा.नं.२७२ मा रु.६९७७४०३०७।०८ उल्लेख गरेको छ । सामाजिक सुरक्षण तर्फको रु.१६९३७५१३३।१८ सूत्रको विवरणमा समावेश गर्दा समेत रु.१७३३७७५।९७ फरक परेको छ । सो सम्बन्धमा कारण उल्लेख गरेको देखिएन ।<br>३. एकिकृत आर्थिक विवरणमा कूल रु.८४८६८५०५१।१७ खर्च देखिएकोमा सूत्र अनुसारको म.ले.प.फा.नं. २७२ मा भुक्तानी रु.६३९९६८३९९।९५ देखिएको छ । सामाजिक सुरक्षा तथा संरक्षण तर्फको रु.१६९३७५१३३।१८ र निकासा फिर्ता रु.३९२४६८३४।२१ वित्तीय विवरणमा समावेश नगर्दा रु.६४००६३०८३।७८ भई म.ले.प.फा.नं.२७२ संग रु.९४६८३।८३ ले फरक परेकोमा सोको खुलासा गरेको छैन ।<br>४. एकिकृत आर्थिक विवरण अनुसार बैंक मौज्दात रु.९७७३१६६५।७४ देखिएकोमा म.ले.प.फा.नं.२७२ मा रु.७३१०७१४९।०८ उल्लेख गरेकोले रु.२४६२४५१६।६६ घटी देखिएको छ । तर सूत्रको अनुसूची २४ मा बैंक तथा नगद बाँकी विभिन्न ४ शिर्षकमा रु.१०३७३४५८४।९० उल्लेख गरेकोमा बैंक हिसाब समायोजन विवरण तयार नगरेकोले यकिन गर्ने अवस्था छैन ।<br>५. आन्तरिक आम्दानी तर्फ एकिकृत आयमा रु.१०३५१४८९।३३ उल्लेख गरेकोमा सूत्रको म.ले.प.फा.नं.२७२ मा आन्तरिक स्रोत तर्फ आम्दानी समावेश गरेको देखिएन । सो सम्बन्धमा खुलासा गरेको देखिएन ।<br>६. एकिकृत आर्थिक विवरण र म.ले.प.फा.नं.२७२ अनुसारको आय व्ययका कतिपय शिर्षकको अंक भिडान गर्न मिल्नेगरी अभिलेख नभएको कारण सो भिडान गर्ने अवस्था देखिएन ।<br>७. पालिकाले प्रत्येक कारोबारको अभिलेख सिलसिलेवार रुपमा अद्यावधिक गरी बैंक नगदी, खर्चको फाँटवारी, पेश्की वाँकी, मौज्दात भिडान हुनेगरी अद्यावधिक गर्नु पर्दछ । वित्तीय विवरणले यथार्थ स्थिति प्रस्तुत गरेकोमा आश्वस्त हुनेगरी अभिलेख प्रणाली, हिसाव समायोजन र खुलासा सम्वन्धमा थप सुधार गर्नुपर्ने देखिन्छ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम छनः<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गरेको देखिएन । | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• भुक्तानीमा कर कट्टी गर्दा ई टिडिएस गरेको पाइएन ।<br>• पालिकाले सुत्रमा खर्च लेखांकन गरी सिलसिलेबार रुपमा गोश्वरा भौचरहरु फाईलिङ्ग गरी राख्नुपर्नेमा सुत्रमा कारोबार भए अनुसार गोश्वरा भौचरहरु सिलसिलेबार फाईलिङ्ग भएको देखिएन् ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br><br>• नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्ने<br>•सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश पारीत र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७८।३।१० गते रु.६४ करोड १३ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **अवण्डा बजेट तथा बचत**<br>नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार कार्यपालिकाले २०७८।१०।१६ पश्चात विभिन्न मितिमा बचत रहेको रु.६१४२१३००।— विभिन्न ९५ योजना तथा कार्यक्रममा खर्च गर्ने निर्णय गरेको देखियो । उक्त विनियोजन रकमबाट खर्च भएको कूल रकम उल्लेख नगरेकोले विश्लेषण गर्न सकिएन । सभाबाट पारित नभएका योजनामा कार्यपालिकाले वर्षान्तमा बचत रहेको कारण पटके योजना थप गरी खर्च गर्नु बजेट सिद्धान्त अनुकूल देखिदैन । त्यसरी थप भएका योजना कार्यक्रममा चैत्रास्टमी मेला बागलुङ्ग सहयोग, भलिबल खेलाडीलाई ड्रेस र खाना खाजा, नगर तेक्वान्दो लगायतका चालु प्रकृतिका खर्च रहेका छन् । त्यसैगरी सभाबाट स्वीकृत योजनामा रहेको रु.२५५८०००।— खर्च नगरी रकमान्तरबाट समेत रु.२३६२४७९।— खर्च गरेको देखिन्छ । यस प्रकार बजेट सिद्धान्त विपरित वर्षान्तमा पालिकाले निर्णय गरी खर्च गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्नु पर्दछ । | |
| ९ | | | **वार्षिक लक्ष्य प्रगति**<br>पालिकाले वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नु पर्दछ । पालिकाको २०७८।७९ को वार्षिक प्रगति विवरण अनुसार यो वर्ष कूल ५३४ योजना तथा कार्यक्रम स्वीकृत भएकोमा समग्रमा ७३ प्रतिशत भौतिक, ७२ प्रतिशत वित्तीय प्रगति गरेको उल्लेख छ । त्यसैगरी ४४ वटा योजना तथा कार्यक्रममा सञ्चालन नगरी शून्य प्रगति रहेको देखिन्छ । पालिकाले तोकिएका कार्यक्रम सञ्चालन गरी अवण्डा बजेट राखी खर्च गर्ने, सानातिना योजनामा खर्च गर्ने, वितरणमुखी कार्यक्रम सञ्चालनमा बजेट खर्च गर्ने अवस्थालाई यो वर्ष पनि | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>निरन्तरता दिएको छ । कार्यान्वयन गर्न सकिने मागमा आधारित तथा दिगो प्रकृतिका कार्यक्रम छनोट, सो अनुसारको बजेट ब्यवस्था गरी तोकिएको वार्षिक लक्ष्य हासिल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>योजना कार्यक्रम संचालन<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा प्रत्येक कार्यालयले त्रैमासिक प्रगति विवरण अनुसूची २ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने ब्यवस्था छ । नियमावलीको ब्यवस्था बमोजिम प्रगति प्रतिवेदन तयार गरेको देखिएन । पूँजीगत तर्फ यो वर्ष विभिन्न कार्यक्रम तथा परियोजना सञ्चालन गर्न रु.२९५७४८८१६।— बजेट विनियोजन भएको देखिन्छ । सो मध्ये रु.२२००७५९९४।— खर्च भएको छ ।विनियोजनको तुलनामा खर्च रकम ७४.४१ प्रतिशत हुने देखिन्छ । बजेट विनियोजन गर्दा रु.२००००।— (आय आर्जन तथा शसक्तिकरण) देखि रु.३६००००००।—(विद्यालय कक्षा कोठा निर्माण) कार्यक्रममा विनियोजन भएको छ । यो वर्ष नगरस्तरका मुख्य सडक मर्मत सुधार, विभिन्न स्थानका सडक मर्मत, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन लगायत विभिन्न कार्यक्रम सञ्चालन नभै विनियोजन भएको रु.७५६७२८२१।— खर्च भएको देखिदैन । पूँजीगत तर्फ चौमासिक खर्चको स्थिति देहाय अनुसार छः
<table>
<tr><th>विवरण</th><th>कूल खर्च</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>असार महिनाको खर्च</th></tr>
<tr><td>पूँजीगत</td><td>२२००७५९९४।-</td><td>१३१५४६२९।</td><td>४३०९९८९५।</td><td>१६३८२१४७०।</td><td>१०४२४५४५७।-</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>५.९८</td><td>१९.५८</td><td>७४.४४</td><td>४७.३६</td></tr>
</table>
वर्षान्तमा कार्य गर्दा गुणस्तरमा असर पर्ने जोखिम देखिदा तोकिए बमोजिमको समयमा कार्य सम्पादन गरी प्रगति समेत हासिल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सेवा प्रवाहको गुणस्तर<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ । उक्त ऐनमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सञ्चालन गर्ने, आधारभूत शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी लगायतका क्षेत्रमा कार्य गर्ने उल्लेख छ । नगरपालिकाले प्रत्येक वर्ष सामाजिक आर्थिक, पूर्वाधार विकास सम्वन्धी विभिन्न कार्यक्रम, योजना सञ्चालन गर्दै आएको छ । सोको अतिरिक्त नागरिकका विभिन्न तथ्याङ्क अभिलेखीकरण गर्नुको अलावा विभिन्न सिफारिस सम्बन्धी कार्य गरी सेवा उपलव्ध गराउदै आएको देखिन्छ । प्राप्त विवरण अनुसार यो वर्ष ३९९ को जन्मदर्ता, २९५ मृत्यु दर्ता, ३२५ विवाह दर्ता, ४१ सम्वन्ध विच्छेदका घटना दर्ता तथा अभिलेखिकरण गरेको पाइयो । सोको अतिरिक्त बसाईसराई, नागिरकता प्रमाणपत्र सिफारिस, चारकिल्ला सिफारिस र अन्य सिफारिस समेत २१९५ सिफारिस सम्वन्धी कार्य गरी सेवा उपलव्ध गराएको उल्लेख छ । यद्यपी सवै प्रकारका घटना दर्ता भएको सुनिश्चित हुने आधार देखिदैन । टुक्रे</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>योजनाको अतिरिक्त दीर्घकालिन योजना, आयआर्जनका योजना, वितरणमुखी भन्दा निर्माणमुखी लगायतका कार्यक्रम सञ्चालन गर्दै वार्षिक लक्ष्य अनुसारका कार्यक्रम सम्पन्न गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च<br>यस नगरपालिकाको विगत ३ वर्षको कार्य सञ्चालन तथा प्रशासनिक खर्च र केही चालु प्रकृतिका खर्चको अवस्था निम्नानुसार देखिन्छः
<table>
<tr><th>विवरण</th><th>२०७८।७९</th><th>२०७७।७८</th><th>२०७६।७७</th></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक कूल खर्च</td><td>६८१०१००९।-</td><td>६४३४९४९५।-</td><td>५९६२८३९५।-</td></tr>
<tr><td>कर्मचारीको बैंठक भत्ता</td><td>१४८६९७४।-</td><td>१४५२०००।-</td><td>१४८२५००।-</td></tr>
<tr><td>पदाधिकारीको बैंठक भत्ता</td><td>९८५०००।-</td><td>५७१०००।-</td><td>९७७५००।-</td></tr>
<tr><td>इन्धन (कार्यालय प्रयोजन)</td><td>३२७२५१९।-</td><td>२०५५६२४।-</td><td>१७७३०८२।-</td></tr>
<tr><td>सवारी साधन मर्मत</td><td>२६८५२८५।-</td><td>२५४७५३३।-</td><td>१४९९९५२।-</td></tr>
<tr><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>२४९९९०६।-</td><td>२१९१९८८।-</td><td>११५८४३९।-</td></tr>
<tr><td>पत्रपत्रिका छपाई तथा सूचना</td><td>२४९९९२६।</td><td>१८७७३२०।-</td><td>२५६२१६९।-</td></tr>
<tr><td>भ्रमण खर्च</td><td>२९९९९७५।-</td><td>२३८८६२५।-</td><td>२४९४०२२।-</td></tr>
<tr><td>विविध खर्च</td><td>२५२८३१६।-</td><td>१४८६७३०।-</td><td>१८४७१९४।-</td></tr>
<tr><td>आर्थिक सहायता</td><td>१४९९७३४।-</td><td>१४९६१००।-</td><td>१३२८०५५।-</td></tr>
</table>
नगरपालिकाको २०७६।७७ को तुलनामा कूल प्रशासनिक खर्च १४.२१ प्रतिशतले वृद्धि भएको छ । नगरपालिकाको आम्दानीको मुख्य स्रोत संघबाट प्राप्त हुने बजेट नै रहेको छ। यो वर्षको पालिकाको आन्तरिक आम्दानी रु.१०३५१४८९।२३ ले इन्धन, मर्मत, मसलन्द र पत्रपत्रिकाको खर्च शिर्षकमा भएको खर्चलाई समेत धान्ने अवस्था देखिएन । उपरोक्त स्थितीले खर्चलाई निश्चित सिमामा सिमाङ्कन गर्नुपर्ने अवस्था छ । अतः खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्न थप ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको एकिकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्य प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४४३०००००।- | ३१२५९३७०।- | ४.९८ |
| सामाजिक क्षेत्र | ४४०३४९०००।- | ४०४९९७१८३।- | ६४.५६ |
| पूर्वाधार विकास | १५४०६०८१५। | १०५३७७३८९।- | १६.८ |
| वित्तीय व्यवस्था वातावरण, विपत व्यवस्थापन | १९५१६०००।- | ९४३१९९३।- | १.५ |
| कार्य संचालन प्रशासनिक | १०१४७४०००।- | ७६२०७६७७।- | १२.१६ |
| जम्मा | ७५९६९९८१५।- | ६२७२७३६१२।- | १०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **दरबन्दी तथा पदपूर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा ब्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने ब्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार १३२ दरवन्दी मध्ये १०० स्थायी र २५ करारबाट पदपूर्ति भएको देखियो । करारबाट पदपूर्ति भएका कर्मचारीको लागि यो वर्ष रु.१०२०२०९६।४० तलव खर्च भएको देखिन्छ । संगठन तथा ब्यवस्थापन सर्भेक्षण गरी कर्मचारीको ब्यवस्थापन हुनु पर्दछ । | |
| १५ | | | **आर्थिक सहायता**<br>सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक रकम प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष विभिन्न व्यक्तिलाई स्वास्थ्य उपचार, विपन्नता विभिन्न कारण उल्लेख गरी रु.१४९९७३४।— उपलव्ध गराएको छ । त्यसैगरी प्रकोप व्यवस्थापन कोषबाट सोको अलवा | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१७४८७६३।— उपलब्ध गराएको देखियो । यस प्रकारको खर्च प्रत्येक वर्ष वृद्धि हुदै गएको छ । एक व्यक्ति वा एकाघरका व्यक्तिलाई पटक पटक यस प्रकारको सुविधा भुक्तानी नहुने आन्तरिक नियन्त्रणको संयन्त्र रहेको देखिदैन । स्वास्थ्य उपचारको लागि स्वास्थ्य वीमा तथा विपन्न वर्गको लागि आय आर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गरी यस प्रकारको खर्चमा कमि ल्याउन नगरपालिकाले पर्याप्त ध्यान दिनु पर्दछ । | |
| १६ | | | **घर भाडा**<br>गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ को वुंदा नं.२५ मा सरकारी कार्यालयका लागि न्युनतम आवश्यकता भन्दा बढी कोठा र सुविधा भएको घर वहाल लिन नहुने व्यवस्था छ । पालिकाले यस वर्ष घर वहालमा १० घरका लागि रु.१८०२४००।— खर्च गरेको मध्ये आवास प्रयोजनका लागि प्रयोग भएका ५ घरको लागि मात्र रु.५५३८७२।— खर्च गरेको छ । मापदण्ड बाहिरका यस्ता खर्च नियन्त्रण गर्न पालिकाले ध्यान दिनु पर्दछ । | |
| १७ | | | **थप सुविधा**<br>गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ को वुंदा नं.२०(१) मा सम्वन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे वापत तलव वाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन नपाइने ब्यवस्था छ । पालिकाले प्रमुख प्रशासकिय अधिकृतलाई तलव भत्ता वाहेक माशिक रुपमा रु.७०००।— का दरले वर्ष भरिनै थप सुविधामा रु.८४०००।— खर्च लेखेको छ । कानून विपरितका यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| १८ | | | **पूँजीगत बजेटबाट चालु खर्च**<br>पूँजी सृजना नहुने खालका वितरणमुखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवं उपयोगिता सिर्जना हुनेगरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यक्रम छनोट गर्दा सिमित श्रोतको उच्चतम प्रयोग उपयोग हुने गरी गर्नुपर्दछ । यस स्थानीय तहमा पूँजी निर्माणमा सहयोग नहुने, उत्पादनमा वृद्धि नगर्ने विभिन्न प्रकारका खर्च कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट रु. १५०३८१४५।- भुक्तानी दिएको पाईयो ।त्यस सम्बन्धी उदाहरण निम्नानुसार छनः | |

| भूक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|
| मिलन थापा | फोहोर ब्यवस्थापन | ३८०८००।- |
| महिला स्वास्थ्य स्यंम सेविका | प्रोत्साहन भत्ता | १५९३०००।- |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| प्रकोप व्यवस्थापन कोष खाता | विपद व्यवस्थापन | १५०००००।- |
| प्रकोप व्यवस्थापन कोष खाता | कोरना रोकथाम | १००००००।- |
| विविध कोष खाता | वडागत मर्मत कार्य | १००००००।- |
| डोजर परिचालन | इन्धन मर्मत आदी | ८७००९१।- |
| जेष्ठ नागरिक सम्मान | विविध खाना खाजा खर्च | १०८५५०।- |
| सुजनप्रेमी शर्मा | गाडी भाडा, खाना खाजा | ५८०००।- |
| घाँस वितरण | ढुवानी भाडा | २००००।- |
| विविध कोष खाता | वडागत मर्मत कार्य | ३००००००।- |
| विभन्न विद्यालयहरु | बालविकास केन्द्र तलबभ भत्ता | २६५९१००।- |
| अम्बिका सापकोटा | अतिरिक्त भत्ता खाना खाजा | ९३१९०। |
| दमेक स्वास्थ्य चौकी | सामान र औषधी खरिद | १५००००।- |
| प्रकोप व्यवस्थापन कोष | विभिन्न कार्य | २००००००।- |
| शहरी स्वास्थ्य केन्द्र | मर्मत कार्य | २१०००। |
| गोविन्द प्रसाद शर्मा | ढुवानी भाडा, मसलन्द, यातायात, दै.भ.भ. | ५८४४१४। |
| | जम्मा | १५०३८१४५।- |

यसरी समानीकरण पूँजीगत शिर्षक बाट चालु प्रकृतिको खर्चमा रु.१ करोड ५० लाख ३८ हजार १४५ भएको देखिन्छ । उक्त स्थितिमा सरकारी रकम खर्च गर्दा साधनश्रोतको उच्चतम प्रतिफल प्राप्त भएको र मितव्ययी तरीकाले खर्च भएको यकिन गर्न सकिएन । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **वितरणमुखी कार्यक्रम** | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधनश्रोतको उचितगुणस्तर समेत कायम हुनेगरी उच्चतम प्रतफल प्राप्त हुने कार्यमा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार वितरणमुखी कार्यक्रम राखी ऐनको प्रावधान विपरित भुक्तानी खर्च लेखेको देखिन्छ । यसरी उच्चतम प्रतिफल प्राप्त भएको साधन श्रोतको उचित गुणस्तर कायम भएको र मितव्ययी तरिकाले खर्च गरेको समेत देखिंदैन । यसरी समानीकरण पूजिगत अनुदाबाट १२५ वितरणमुखी कार्यक्रममा रु.३०३०८०७८।- भुक्तानी खर्च लेखेको देखिन्छ । सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त भएको र मितव्ययी तरिकाले खर्च भएको यकिन गर्न सकिने अवस्था देखिएन । वितरणमुखी कार्यक्रमका केही उदाहरण देहाय अनुसार छनः | |

| भौ.नं./मिति | खर्च भएको प्रयोजन | भूक्तानी रकम |
|---|---|---|
| १०।०७८।६।१९ | डोजर परिचालन, इन्धन तथा मर्मत | ४६०९०२।- |
| १७।०७८।६।२२ | जेष्ठ नागरिक सम्मान, खाजा दोसल्ला | ४९८००।- |
| १९।०७८।७।७ | कालीगण्डकी आमा समूह, सामुदायिक भवन मर्मत | ५७०००।- |
| ३१।०७८।८।३ | तोक आदेश बाट, विभिन्न सहयो अनुदान | २०१०५०।- |
| ३४।०७८।८।१६ | अभिमुखीकरण, हेमराज थापा | २५५५००।- |
| ५३।९।११ | सर्कुवा खेलकूद सहयोग, जर्सि लगायत सामाग्री | २५०००।- |
| ८१।१०।२ | धौलागिरी कृषि सहकारी संस्था, फर्निचर सहयोग | ४७५००।- |
| १५१।११।५ | जैमिनी संस्कृत पाठशाला, ड्रेस वितरण | १०००००।- |
| १६१।११।१० | सुजन क्षेत्री, आर्थिक अनुदान | ३००००।- |
| १६९।११।११ | मुस्लीम सेवा समिति, आय आर्जन | २००००।- |
| १८७।११।१८ | १ दिने यातायात खाना खर्च | ९८००।- |
| १९८।११।२३ | न्यायीक समिति, अवलोकन भ्रमण | ५०००००। |
| १९९।११।२३ | आर्थिक सहयोग | ९०९०। |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २१३।११।३० | रुद्रताल उद्यमी महिला सहकारी, भ्रमण | ९५०००। | |
| | | | २१५।११।३० | कालीगण्डकी आमा समूह भवन | ९५०००।- | |
| | | | २२५।१२।१ | अभिभावक शिक्षा, सरस्वती प्रा.वि. | ४७५००।- | |
| | | | २२६।१२।१ | अभिभावक शिक्षा दलित | ४७५००।- | |
| | | | २२७।१२।१ | अभिभावक शिक्षा, गण्डकी प्रा.वि. | ४७५००। | |
| | | | २२८।१२।१ | अभिभावक शिक्षा,ज्ञानोदय प्रा.वि. | ४७५००।- | |
| | | | २३०।१२।१ | माइक्रोथान, युवाक्लव | ४७५००।- | |
| | | | २३५।१२।२ | अन्तराष्ट्रिय महिला दिवस | २३८५०।- | |
| | | | २४२।१२।६ | चौतारी निर्माण | ११४०००।- | |
| | | | २४३।१२।६ | गल्कोट घुम्टे पर्यटन, अनुदान | २५०००। | |
| | | | २४४।१२।७ | अतिरीक्त भत्ता, खाना चिया, अम्विका सापकोटा | ९३१९०। | |
| | | | २७८।१२।१३ | सहारा स्टेज निर्माण | ९५०००।- | |
| | | | २७९।१२।१३ | सुत्केरी प्रोत्साहन, म.स्वा.सवयं से.रिचार्ज कार्ड | २५००००।- | |
| | | | २९९।१२।२० | आन्तरिक भ्रमण, भ्रमण खर्च | ५९८७५।- | |
| | | | ३०४।१२।२३ | विशिष्टता हाशिल व्यक्ति सम्मान | १०००००। | |
| | | | ३०७।१२।२३ | नाम्दुक आमा समूह भवन | १४२५००।- | |
| | | | ३२७।१२।२९ | हाडिकोट भ्यू टावर निर्माण | ६६५०००।- | |
| | | | ३३६।१२।३० | प्रगतिशिल आमा समूह भवन | ४७५०००।- | |
| | | | ३४४।१।५ | लक्षित वर्ग, अवलोकन भ्रमण | ९५०००।- | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५३।१।६</td><td>स्वास्थ्य चौकी पैयुथन्थाप, म.स्वा.सवयं से.भ्रमण</td><td>९५०००।-</td></tr>
<tr><td>३५८।१।६</td><td>सृजनसिल महिला समूह, अनुदान</td><td>५७०००।-</td></tr>
<tr><td>४०६।२।१०</td><td>राङखानी व्याडमिन्टन</td><td>७१२५०।-</td></tr>
<tr><td>४३१।२।२९</td><td>छुवाछुवतमुक्त घोषणा, दवस</td><td>२५०००।-</td></tr>
<tr><td>४३६।३।५</td><td>मोवाईल खरिद, ब्रण्डेट २ स्टोर मौज्दात</td><td>४६०००।-</td></tr>
<tr><td>४५०।३।१३</td><td>आमा समूह सामग्री</td><td>३०००००।-</td></tr>
<tr><td>४५४।३।१४</td><td>महिला स्वा.स्वयं सेविका, प्रोत्साहन</td><td>११४०००।</td></tr>
<tr><td>४८८।३।२०</td><td>न्यायीक समिति, अवलोकन भ्रमण</td><td>३६२०९५।-</td></tr>
<tr><td>५६३।३।२४</td><td>फुर्केसल्ला आमा समूह, भवन</td><td>२१६५९४।-</td></tr>
<tr><td>५६७।३।२४</td><td>मारुनी सामुदायिक होमिस्टे जैमिनी, अनुदान</td><td>१५००००।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
अनुत्पादक खर्च<br>
सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय वमोजिमका अनुत्पादक प्रयोजनमा रु. १२११४५२६।- खर्च गरेको देखिन्छ ।
<table>
<tr><td>भुक्तानी पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>रकम</td></tr>
<tr><td>शान्तिदिप बहुमुखी क्याम्पस</td><td>जोड कोष स्थापना</td><td>३०००००।-</td></tr>
<tr><td>एक्सन एक्टीभ इनर्जि</td><td>धरौटी, मु.अ.कर</td><td>१४११८२।-</td></tr>
<tr><td>जैमिनी साहित्य मञ्च</td><td>गजल संग्रह</td><td>४५०००।-</td></tr>
<tr><td>कालीगण्डकी आमा समूह</td><td>भवन मर्मत</td><td>५७०००।-</td></tr>
<tr><td>छिस्ती इलाका प्रहरी कार्यालय</td><td>सिलिङ मर्मत</td><td>१५००००।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खेलकूद विकास</td><td>जर्सिसेट खेलकूद सामाग्री</td><td>१५००००।-</td></tr>
<tr><td>साना कार्यक्रममा खर्च ५ हजार देखि १५ हजार सम्म</td><td>अदक्ष उपाध्यक्ष तोक आदेशबाट</td><td>३१०१०१०।-</td></tr>
<tr><td>पेनडाडा जोर्ते</td><td>सामुदायिक भवन मर्मत</td><td>१९००००।-</td></tr>
<tr><td>खेलकूद समिति</td><td>कवर्ड हल निर्माण</td><td>३८००००।-</td></tr>
<tr><td>पिकनिक स्पोर्ट उ.स.</td><td>निर्माण कार्य</td><td>१९००००।-</td></tr>
<tr><td>हुलाक व्यवस्थापन उ.स.</td><td>कूर्चि कार्पेट रंगरोगन</td><td>१९००००।-</td></tr>
<tr><td>सहारा क्लव</td><td>दोश्रो जैमिनी महोत्सव</td><td>१००००००।-</td></tr>
<tr><td>जैमिनी धाम ध्यान केन्द्र</td><td>भवन निर्माण</td><td>१५७०३३४।-</td></tr>
<tr><td>प्राथमिक स्वास्थ्य केन्द्र</td><td>जग्गा खरिद</td><td>४५०००००।-</td></tr>
</table>
कार्यालयले समानिकरण पूँजिगत शिर्षकवाट १ करोड २१ लाख १४ हजार ५२६ अनुत्पादक कार्यमा खर्च गरेको देखिन्छ । सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त भएको र मितव्ययी तरिकाले खर्च भएको यकिन गर्न सकिएन । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
नाफामूलक संस्थालाई अनुदान<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन । यदि उपलव्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका ३ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चका लागि रु.८४००००।- अनुदान उपलव्ध गराएको छ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>५३७।२०७९।३।२१</td><td>साना विकास सहकारी संस्था</td><td>मिल स्थापना</td><td>४४५०००।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१३।०७८।११।३०</td><td>रुद्रताल उद्यमी महिला सहकारी संस्था</td><td>आर्थिक अनुदान</td><td>९५०००।-</td></tr>
<tr><td>४४८।०७९।३।१३</td><td>सिवाईसी बचत तथा ऋण सहकारी संस्था</td><td>आर्थिक अनुदान</td><td>३०००००।-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८४००००।-</td></tr>
</table>
सेवाको गुणस्तरमा सुनिश्चितता कायम गरी यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>
अनुदानको अनुगमन<br>
सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न सहकारी संस्थालाई बीउपूजी तथा अनुदान रकम खर्च लेखेको देखिन्छ ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन्। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।अनुदान वितरण सम्बन्धी केहि उदाहरण देहाय अनुसार छन् ।
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>५४१।०७९।३।२१</td><td>श्रृजनात्मक आत्मनिर्भर महिला समुह</td><td>बाखा वितरण</td><td>१०००००।-</td></tr>
<tr><td>३५८।०७९।१।६</td><td>श्रर्जनशिल महिला समूह</td><td>बाखा वितरण</td><td>५७०००।</td></tr>
<tr><td>३५९।०७९।१।७</td><td>आय आर्जन लक्षित उ.स.</td><td>बंगुर पाठा वितरण</td><td>९५०००।-</td></tr>
<tr><td>४१०।०७९।२।११</td><td>आय आर्जन लक्षित उ.स.</td><td>बंगुर बाखा वितरण</td><td>९५०००।-</td></tr>
<tr><td>७।०७८।११।८</td><td>मौज्दात रकमबाट मन वहादुर थापा</td><td>राँगो खरिद</td><td>५००००।-</td></tr>
<tr><td>४९।०७९।३।७</td><td>जनज्योती प्रा.वि.</td><td>कम्प्युटर खरिद अनुदान</td><td>४७५००।-</td></tr>
<tr><td>७९।०७९।३।२५</td><td>हमाल कृषि तथा पशुपन्छि फार्म</td><td>अनुदान</td><td>४००००।-</td></tr>
<tr><td>७९।०७९।३।२५</td><td>ढुंगाना कृषि तथा पशुपन्छि फार्म</td><td>अनुदान</td><td>४००००।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७९।०७९।३।२५</td><td>छिस्ती पाडापाडी गाई भैसी फार्म</td><td>अनुदान</td><td>४००००।-</td></tr>
<tr><td>७९।०७९।३।२५</td><td>नमूना गाउ कृषि पशुपन्छि फार्म</td><td>अनुदान</td><td>१६००००।-</td></tr>
<tr><td>४५८।०७९।९।१४</td><td>सिवाईसी बागलुङ्ग</td><td>बाखा वितरण</td><td>११६०००।-</td></tr>
<tr><td>४६९।०७९।३।१९</td><td>नमूना कृषि समूह</td><td>टनेल खेती अनुदान</td><td>१०००००।-</td></tr>
<tr><td>५०२।०७९।३।२०</td><td>महादिव्य पशु तथा कृषि विकास फार्म</td><td>अनुदान</td><td>२१०८४०।-</td></tr>
<tr><td>५०३।०७९।३।२०</td><td>गरीव तथा विपन्न लक्षित समूह</td><td>कुखुरा चल्ला वितरण</td><td>२८५०००।-</td></tr>
<tr><td>५४९।०७९।३।२२</td><td>राङखानी कृषि तथा पशु</td><td>सुन्तला वगैंचा</td><td>१२६३५०।-</td></tr>
<tr><td>५७६।०७९।३।२४</td><td>महिला दलित अपाङ्ग उ.स.</td><td>बंगुर वितरण</td><td>१४७०००।-</td></tr>
<tr><td>५८१।०७९।३।२४</td><td>यमुना थापा</td><td>मिनिटिलर वितरण</td><td>१५००००।-</td></tr>
<tr><td>५७९।०७९।३।२५</td><td>समपुरक कोष ४ जना</td><td>पशु कोष वितरण</td><td>१६००००।-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२०१९६९०।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>
अधुरा आयोजना<br>
पालिकाले तोकिए अनुसारका कार्य तोकिएको समयमा सम्पन्न गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसार रु.२७१०३३४।- का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत आएको छ । यसरी कानून विपरीत सम्झौता गरी वर्षौं सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।सम्झौताको शर्त वमोजिम निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।
<table>
<tr><th>अधुरा योजना</th><th>आयोजनाको अवस्था</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>देउलीखानी स्वास्थ्य भवन निर्माण</td><td>८ पिलरको दण्डी सम्म राखेको ५ पिल्लर र डि.पि.सी. मात्र</td><td>४७५०००।-</td></tr>
<tr><td>जैमिनीधाम ध्यान केन्द्र भवन निर्माण</td><td>डि.पि.सी.लेवल सम्म दण्डीको कार्य, गारोको कार्य नभएको</td><td>१५७०३३४।-</td></tr>
<tr><td>हाडीकोट भ्यू टावर</td><td>प्लास्टर, रंगरोगन कार्य नभएको</td><td>६६५०००।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>२७१०३३४।-</td></tr></table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सुरक्षित आप्रवासन<br>वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलव्धिमूलक एवं शोषणरहित बनाउन सुरक्षित आप्रवासन परियोजना (सामी तेस्रो चरण) सञ्चालनमा रहेको छ । उक्त परियोजना सञ्चालन गर्न बागलुङ्ग जिल्लामा जैमिनी नगरपालिका लगायत ४ स्थानीय तहले २०७६।५।२३ मा समझदारी गरेको देखियो । सो सम्वन्धी कार्यक्रम सञ्चालन वापत यो वर्ष विवाइसी वागलुङ्गलाई तलव, बैंठक, कार्यक्रम सञ्चालन, तथ्यांक संकलन, अनुगमन मूल्यांकन, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन लगायतका कार्यमा रु.२५०००००।— भुक्तानी गरेको देखियो । स्थानीय तहका जिम्मेवारी अन्तर्गत स्थानीय सेवा प्रदायक संस्था छनौट गर्ने समझदारी पत्रमा उल्लेख भएकोमा यो वर्ष उक्त संस्था छनौट भएको आधार लेखापरीक्षणमा पेश हुन आएन । त्यसैगरी यो वर्ष संस्थाले गरेका कार्यको प्रगति विवरण पेश नभएकोले थप विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>बढी तलव भुक्तानी<br>परियोजना संग भएको सम्झौता अनुसार कार्यक्रम संचालनको लागि विवाइसी वागलुङ्गका कर्मचारीहरुलाई १२ महिना बराबरको तलव दिने उल्लेख भएकोमा १३ महिना बराबरको तलव भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको रकम निम्नानुसार असूल गर्नुपर्ने रु.<table>
<tr><td>नाम, थर</td><td>रकम</td></tr>
<tr><td>सुनिता देवी शर्मा</td><td>२६४८०।-</td></tr>
<tr><td>सीता अर्याल</td><td>२६४८०।-</td></tr>
<tr><td>दीनानाथ आचार्य</td><td>११४६२।-</td></tr>
<tr><td>युवराज शर्मा पौडेल</td><td>११४६२।-</td></tr>
<tr><td>शालीकराम सापकोटा</td><td>११४६२।-</td></tr>
<tr><td>जम्मा</td><td>८७३४६।-</td></tr>
</table></td><td>८७,३४६</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>जग्गा खरिद</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्यय तथा कोरोबारको तोकिए वमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउने व्यवस्था छ । कुस्मीसेरा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको नगर अस्पताल वनाउन नगर कार्यपालिकाले जग्गा खरिद गर्ने निर्णय गरेको देखियो । अस्पताल विस्तारको लागि ५-१३-३-१ जग्गा खरिद गर्न रु.६४९३०५९।— जग्गाको मूल्याकंन भएकोमा नगरपालिकाले रु.४५०००००।— र बाँकी प्राथमिक स्वास्थ्य केन्द्रले उपलव्ध गराउने उल्लेख छ । सो जग्गा प्राथिमक स्वास्थ्य केन्द्रको स्वामित्वमा रहने गरी राजीनामा पास भएको देखिन्छ । प्राथमिक स्वास्थ्य केन्द्र नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्था भएको र सञ्चालनको लागि तलव भत्ता लगायतका सञ्चालन खर्च नगरपालिकाले उपलव्ध गराउँदै आएको देखिन्छ । सवै प्रकारका खर्च नगरपालिकाले उपलव्ध गराए तापनि स्वास्थ्य केन्द्रको आम्दानी नगरपालिकामा प्राप्त हुने गरेको छैन । प्राथमिक स्वास्थ्य केन्द्रको समग्र आम्दानी नगरपालिकामा एकिकृत गरी आय व्ययको लेखापरीक्षण गराउनु पर्दछ । | |
| २७ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको ब्यवस्था छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विषय दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने ब्यवस्था छ । गत वर्ष सम्म टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष दर्ता भएका ३ समेत ६ मध्ये यो वर्ष ३ को निर्णय हुन बाँकी रहेको उल्लेख छ। | |
| २८ | | | **सवारी साधन तथा अन्य साधन**<br>गत वर्ष सम्म रु. १६३१८३९०।३२ मुल्य बरावरका महेन्द्र वलेरो १, डवल क्याप पिकअप १, व्याकहोलोडर १ र मोटरसाइकल १५ रहेकोमा यो वर्ष रु.४३३४५१।— मूल्यका मोटरसाइकल खरिद गरेको देखियो । यो वर्ष रु.३२७२५१९।— इन्धन खर्च र रु.२६८५२८५।— को मर्मत खर्च लागेको छ । सवारी साधनको वृद्धि सँगै इन्धन तथा मर्मत खर्चमा वृद्धि हुने भएकोले आवस्यकताको आधारमा सवारी साधनको खरिद गर्नु पर्दछ । | |
| २९ | | | **जे.सी.वि.को उपयोग**<br>जे.सी.वि.को उपयोग — आन्तरिक आय तर्फ जे.सी.वि. प्रयोगबाट रु. २९५३१५०।— आम्दानी भएको देखिन्छ । जे.सि.वि. को सञ्चालन सम्वन्धी खर्च विवरण एकिकृत नगरेकोले उक्त साधनको उपयोगबाट प्राप्त प्रतिफल विश्लेषण गर्ने अवस्था छैन । उलव्ध विवरण अनुसार यो वर्ष १८७८ घण्टा सञ्चालन भएको उल्लेख छ । लाभ लागत तथा सेवा समेतलाई ध्यान दिई मितव्ययी रुपले उपलव्ध साधनको सञ्चालन गरिनु पर्दछ । | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **मोटर साइकल खरिद**<br>मोटर साइकल खरिद ३१८।०७८।१२।२९—अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं.५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान होण्डा मोटर साइकल खरिदमा रु.४८९७९९।— खर्च गरेकोमा अर्थ मन्त्रालयको स्वीकृत लिएको पाइएन । | |
| ३१ | | | **गत वर्षको भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) मा बजेटले नखाम्ने गरी दायित्व श्रृजना गर्न नहुने र भुक्तानी गर्नुपर्ने अवस्थामा सम्बन्धीत को.ले.नि.का बाट भुक्तानी बाँकीको विवरण प्रमाणीत गराई आर्थिक विवरण साथ पेश गर्नुपर्ने उल्लेख छ । साथै उपभोक्ता समिति र कार्यालय बीच भएको सम्झौताको दफा १६ मा तोकीएको समयमा काम सम्पन्न गर्न नसकी बजेट फ्रिज हुन गएमा उपभोक्ता समिति नै जिम्मेवार हुने उल्लेख छ । कार्यालयले नगरपालिका स्तरीय निर्णय गराई गत वर्षको भूक्तानी विभिन्न १६ आयोजनाको रु.२२८२९७७।— भूक्तानी खर्च लेखेको छ । उक्त रकम गत वर्ष नै काम सम्पन्न भै भुक्तानी प्रणालीमा आएको खराबीले पछिल्लो वर्ष भुक्तानी भएको उल्लेख छ । | |
| ३२ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरले आउने रकम थप गरी जम्मा गर्नुपर्ने ब्यवस्था छ । गत वर्षको जिम्मेवारी २५६२८०४।६० र यस वर्ष थप भएको रु.१००००००।— समेत रु.३५६२८०४।६० मध्ये एक निवृत्त कर्मचारीलाई स्वीकृत टिप्पणीको आधारमा संचित विदा र औषधी उपचारको रकम रु.१३६३६८४।— भुक्तानी गरेको छ । पालिकाले यो वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा कार्यविधि वेगर रु.१००००००।— ट्रान्सफर गरेको नियमित नदेखिएको रु<br>क्रम: ३२.१ ; कर्मचारीको नाम: - ; असुली रकम: १०,००,००० | १,०००,००० |
| ३३ | | | **कर रकम असूल**<br>आन्तरिक लेखापरीक्षणबाट निम्नानुसारको रकम असूल गर्ने भनी औंल्याइएकोमा असूल फर्स्यौट नभएको रु | २,५५८ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ३२.१ | - | १०,००,००० |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं./मिति</th><th>ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२४।२०७८।०६।१८</td><td>इन्टरनेट जडान बापत धौलागिरी फाइबर सेरालाई रु. २०५२० भुक्तानी दिंदा अग्रिम आय कर असूल गर्नुपर्ने रु.</td><td>३०८।—</td></tr>
<tr><td rowspan="5">३६९।२०७९-०३-२५</td><td>निम्न व्यक्तिहरुबाट १५ प्रतिशत कर कट्टी नगरेको असूल हुनुपर्ने रु.</td><td rowspan="5">२२५०।-</td></tr>
<tr><td>१.मन बहादुर श्रीस, जै.न.पा. १०, रु.५०००।— को १५ प्रतिशत कट्टी नगरेको रु.७५०।—</td></tr>
<tr><td>२.बालिका देवी, जै.न.पा ६, रु.५०००।— को १५ प्रतिशत कट्टी नगरेको रु.७५०।—</td></tr>
<tr><td>३.खिमनाथ शर्मा, जै.न.पा ७, रु.५०००।— को १५ प्रतिशत कट्टी नगरेको रु.७५०।—</td></tr>
<tr><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५५८।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>कोभिड उपचार खर्च<br>यो वर्ष कोभिड रोकथाम तथा उपचारमा भएको खर्च सम्बन्धी एकिकृत विवरण तयार गरेको देखिएन । प्रकोप ब्यवस्थापन कोष अन्तर्गत कोभिड तर्फ रु. ६९९४०४।— खर्च भएकोमा रु.४०६७२५।५० कर्मचारीको कोभिड भत्ता वितरणमा,, रु.५८०००।— पदाधिकारी समेतको बैंठक भत्ता र बाँकी रकम सवारी साधन भत्ता, औषधी खरिदमा खर्च भएको छ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>प्रशासकिय भवन निर्माण<br>जैमिनी नगरपालिकाको प्रशासकिय भवन निर्माण गर्न रु.१२१४७७३८८।— को लागत अनुमान भएकोमा रु.८१७६५०८२।— घटी कवोल गर्ने रविना/ प्रकृतिक/ जुगल संयुक्त उपक्रमसंग २०२४ डिसेम्वरमा कार्य सम्पन्न गर्ने गरी २०७८।१०।२१ मा सम्झौता गरेको देखियो । निर्माण सम्बन्धी व्यहोरा निम्नानुसार छनः<br>(क)माटो खन्ने र फाल्ने कार्यको लागि प्रति घन मीटर रु.१५२५।५४ ले ५६०.४ घ.मि.को रु.८५४९१३।— लगत अनुमान गरेको देखिन्छ । उक्त लागत अनुमान मान्छेले माटो खन्ने गरी तयार गरेकोमा मेसिनबाट माटो खन्ने कार्य भएकोले भुक्तानी गर्दा वास्तविक खर्च मात्र भुक्तानी गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ख) उक्त निर्माण कार्यको अवधि २०८१।९।१६ सम्म रहेकोमा यो वर्ष मोविलाइजेशन पेश्की रु.७१०००००।— भुक्तानी भएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्य तालिका अनुसार २०२२ अक्टोवर देखि साइट क्लियरेन्स, अर्थ वर्कको कार्य सम्पन्न भई स्टक्चर र ब्रिक मेसिनरीको कार्य आरम्भ गर्ने उल्लेख भएकोमा स्थलगत अवलोकन गर्दा फुटिङ्ग सम्बन्धी कार्य आंशिक रुपमा सम्पन्न भएको देखियो । हालको कार्य परिमाणको तुलना गर्दा तोकिएको समयमा कार्य सम्पन्न नहुने जोखिम रहन सक्दछ । कार्यालयले प्रत्येक वर्ष कार्यालय सञ्चालन गर्न भाडा भुक्तानी गर्दै आएको छ । यो वर्ष भाडा वापत रु.१८०२४००।— भुक्तानी भएको देखिन्छ । तोकिएको समयमा कार्य सम्पन्न गर्न कार्यतालिका पेश गर्न लगाई सोको प्रभावकारी कार्यान्वयन गरी निर्माण कार्य समयमै सम्पन्न गर्नु पर्दछ ।<br>(ग)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको १५ प्रतिशत अतिरिक्त रकम समेतको बीमा गराउनु पर्ने ब्यवस्था छ । निर्माण ब्यवसायीले रु.८०३५१९९४।— प्रतिस्थापन खर्चको मात्र बीमा गराएको देखिदा नियमावली अनुरुप बीमा गराउनु पर्ने देखिएको छ । अन्य कतिपय निर्माण कार्यमा समेत सोही अवस्था देखिएकोले सुधार गर्नु पर्दछ । | |
| ३६ | | | **परामर्श खर्च**<br>पालिकाले गरेको सवै प्रकारका खर्च उपलव्धीमूलक हुनुपर्दछ । कालिगण्डकी नदीबाट दिगो र वातावरणमैत्री रुपले ढुंगा, गिटी, वालुवा झिक्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्न २०७८।५।२९ मा निर्णय गरी रु.४९९६४९।२८ को लागत अनुमान तयार गरेको देखिन्छ । पालिकाले विभिन्न ३ सेवा प्रदायकसंग आर्थिक प्रस्ताव पेश गर्न लगाई सवैभन्दा घटी आर्थिक प्रस्ताव पेश गर्ने बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.संग रु.४९७७६५।— को २०७८।६।१० मा सम्झौता गरी भुक्तानी गरेको छ । धार्मिक, ऐतिहासिक तथा पर्यावरणीय महत्वका कारण सर्वोच्च अदालतमा परेको रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म कालिगण्डकीवाट नदीजन्य पदार्थ निकाल्ने लगायतका अन्य कार्य नगर्न २०७८।३।२९ मा अन्तरिम आदेश जारी गरेको देखिन्छ । प्रारम्भिक वातावरणीय परीक्षण गराउने निर्णय अगावै सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएकोमा त्यसतर्फ ध्यान नदिई तत्सम्बन्धी कार्यमा सम्झौता गरी भुक्तानी गरेको रु | ४९७,७६५ |
| ३७ | | | **जैमिनी कुस्मीसेरा टिमुर खोला सडक**<br>जैमिनी कुस्मीसेरा टिमुरखोला दोस्रो खण्ड ढलान गर्न रु.१११९७७४८।— लागत अनुमान भएकोमा घटी कवोल गर्ने हिलसाइड निर्माण सेवा संग २०७९।३।२६ भित्र कार्य सम्पन्न गर्नेगरी २०७९।१।१४ मा रु.६६६८३३९।— को सम्झौता भएको देखियो । निर्माण सम्बन्धी अन्य ब्यहोरा निम्नानुसार छनः | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(क)सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ मा बोलपत्रदाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र १५ प्रतशत भन्दा बढी घटेर कबुल गरेमा १५ प्रतिशत भन्दा जति अंकले घटी कबुल गरेको छ सोको ५० प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत लिनुपर्ने ब्यवस्था छ । उक्त ब्यवस्था अनुसार रु.१७५८२९०।— कार्यसम्पादन जमानत लिनु पर्नेमा रु.१५५८०००।— मात्र लिएको देखिदा घटी भएको जमानत थप गर्नुपर्ने रु.२००२९०।—<br><br>(ख) निर्माण ब्यवसायीले २०७९।३।२६ भित्र कार्य सम्पन्न गर्नुपर्नेमा यो वर्ष रु.१८२०९४७।— को रनिङ बील पेश भै भुक्तानी भएको छ । नगरपालिकाले ३ महिना म्याद थप गरेकोमा सम्झौताको सर्त अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्नुपर्ने देखिएको छ ।</td><td>२००,२९०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>हेभी इक्युमेण्टको प्रयोग<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट सन्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिवन्धात्मक वाक्याशंमा लागत अनुमान तयार गर्दाको समयमा हेभीमेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकाँश सडक निर्माण तथा स्तरोन्नतीसंग सम्बन्धीत योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।त्यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भूक्तानी रकम</th><th>हे.भी उपकरणमा खर्च</th><th>प्रयोग मेसीन</th></tr>
<tr><td>वस्रोत देउरालीमोटरबाटो उ.स.</td><td>मोटर वाटो निर्माण</td><td>४०००००।-</td><td>४२७१६६।-</td><td>स्काभेटर</td></tr>
<tr><td>वडा भित्रका सडकसफाई उ.स.</td><td>वाटो मर्मत कार्य</td><td>३०००००।-</td><td>३२०२५०।-</td><td>स्काभेटर</td></tr>
<tr><td>पाट्टि बर्देङ सर्कुवा मोटर वाटो उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>२०००००।-</td><td>२१९७२७।-</td><td>स्काभेटर</td></tr>
<tr><td>चौरमुनी काउले चोक मोटर बाटो उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>५०००००।-</td><td>५३१०००।-</td><td>स्काभेटर</td></tr>
<tr><td>कोरीडोर सातामाटा मोटर वाटो उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>४०००००।-</td><td>४२६५९१।-</td><td>स्काभेटर</td></tr>
<tr><td>दमेक पैंयुदहमोटर वाटो उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>८०००००।-</td><td>८४७०४७।-</td><td>स्काभेटर</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मोर्नेवा मेल पोखरा मोटर बाटो उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>९०००००।-</td><td>९५८८३०।-</td><td>स्काभेटर</td></tr>
<tr><td>नागा न्यौपाने गाजादह सडक उ.स.</td><td>मोटर बाटो निर्माण</td><td>९५००००।-</td><td>४१२७२०।-</td><td>स्काभेटर</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
जटिल संरचना निर्माण<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी.फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, टावर निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केहि उदाहरणहरु यस प्रकार रहेका छनः
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२४।०७८।१०।२१</td><td>देउरालीखानी स्वास्थ्य इकाई भवन उ.स.</td><td>भवन निर्माण</td><td>५०००००।-</td></tr>
<tr><td>३५२।०७९।१।६</td><td>मानव सेवा आश्रम उ.स.</td><td>भवन निर्माण</td><td>११५२०००।-</td></tr>
<tr><td>७८।०७९।३।२४</td><td>गत वर्ष मौज्दात जैमिनीधाम ध्यान केन्द्र</td><td>भवन निर्माण</td><td>१५७०३३४।-</td></tr>
<tr><td>३२७।०७८।१२।२९</td><td>हाडिकोट भ्यूटावर निर्माण उ.स.</td><td>टावर निर्माण</td><td>६६५०००।-</td></tr>
<tr><td>३३६।०७८।१२।३०</td><td>प्रगतिशिल आमा समूह भवन उ.स.</td><td>भवन निर्माण</td><td>४७५०००।-</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४३६२३३४।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
रित पूर्वकको कर विजक<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले रित पूर्वकको कर विजक वेगर देहायका सप्लायर्स तथा निर्माण व्यवसायीबाट मु.अ.कर रु.४७५१३।- समेत रु.४१३०००।- सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर विजक वेगर पालिकाबाट भुक्तानी लिएको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
</td><td>४७,५१३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th></tr>
<tr><td>१४१।०७८।१०।२६</td><td>प्रोफेशनल कम्प्यूटर इन्स्टिच्यूट</td><td>-</td><td>विजक नं. उल्लेख नभएको</td><td>४१३०००।</td><td>४७५१३।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सम्झौता भन्दा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भूक्तानी प्राविधिक नापजाँच र नापीकितावको आधारमा हुनुपर्ने उल्लेख छ । कार्यालय र जैमिनीधाम ध्यान केन्द्र उपभोक्ता समिति बीच रु.२११३८८६।६१ को लागत अनुमानमा रु.२० लाख कार्यालयबाट व्यहोर्ने गरी मिति २०७९।२।२४ मा सम्झौता भएको र रु. १७४७१०९।– को निर्माण कार्य सम्पन्न देखाई रु.१५७०३३४।– कार्यालयबाट भुक्तानी खर्च लेखेको देखिन्छ । मुल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदनमा २६ गेज कलर सिजी आई सिट छानाछाउने कार्य रु.१४८०१३।– को देखाई भूक्तानी खर्च लेखेकोमा निर्माण कार्यको संलग्न तस्विर र अनुगमन प्रतिवेदन अनुसार उक्त कार्य भएको नदेखिएकोले निर्माण कार्य नभएको भुक्तानी रकम कार्यालयवाट यकिन गरी असूल हुनुपर्ने रु.</td><td>१४८,०१३</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सम्झौता गर्न सकिने, रु.५ लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइएको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>कामको विवरण</th><th>पार्टीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५५।९।११</td><td>ल्याण्ड फिल्ड साईट निर्माण</td><td>कोण्डा कन्ट्रक्सन</td><td>१९०२१२।-</td></tr>
<tr><td>१४१।१०।२६</td><td>ल्यापटप कम्प्यूटर खरिद</td><td>प्रोफेशनल कम्प्यूटर इन्स्टिच्यूट</td><td>४१३०००।</td></tr>
<tr><td>१५२।११।५</td><td>फर्निचर खरिद कार्पेट</td><td>श्रेष्ठ फर्निचर उद्योग</td><td>२६६६५१।</td></tr>
<tr><td>४६५।३।१५</td><td>कम्प्यूटर खरिद</td><td>प्रोफेशनल कम्प्यूटर</td><td>१८१०००।</td></tr>
</table>
</td><td>२,३५८,३२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४६६।३।१५</td><td>फर्निचर खरिद</td><td>श्रृष्टी फर्निचर उद्योग</td><td>१४९५२७।</td></tr>
<tr><td>५५७।३।२४</td><td>वडा कार्यालय भवन मर्मत</td><td>हिलसाइड निर्माण सेवा</td><td>१४९५८२।</td></tr>
<tr><td>११।२०७८।१०।२६</td><td>ल्यापटप खरिद</td><td>प्रोफेसनल कम्प्युटर</td><td>४९८०००।-</td></tr>
<tr><td>६८।०७९।३।२३</td><td>फर्निचर खरिद</td><td>श्रृष्टी फर्निचर उद्योग</td><td>३२०३५५।-</td></tr>
<tr><td>२८६।०७९।३।२१</td><td>फर्निचर खरिद</td><td>श्रृजना फर्निचर</td><td>१८९९९८।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सम्झौता भन्दा वढी भुक्तानी<br>सम्झौताको शर्त अनुसार सम्पादित कार्यको लागि तोकिएको रकम भुक्तानी गर्नु पर्दछ ।द गेष्ट लिंक मिडिया प्रा.लि. संग नगरपालिकाको डकुमेन्ट्री तयार गर्न रु.८००००।— को सम्झौता गरेकोमा भौ.नं.१९९ वाट रु.२००००।— पेश्की भुक्तानी गरेकोमा भौ.नं. ३७२ मिति २०७८।१२।२० मा पेश्क फस्योंट गरी रु.६००००।— भुक्तानी गर्नुपर्नेमा रु.८००००।— नै भुक्तानी भएको देखिएकोले सम्झौता भन्दा वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.</td><td>२०,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्राविधिक मूल्याङ्कन भन्दा बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भूक्तानी नापी मुल्याकंन अनुसार प्राविधिक नापजाँचको आधारमा हुनुपर्ने उल्लेख छ । कार्यालयले निम्न योजनामा दिनुपर्ने भन्दा बढी भुक्तानी गरेको देखिन्छ । यसरी प्राविधक मुल्याकंन सिफारिस भन्दा बढी भुक्तानी भएको रकम ऐन नियम अनुसार सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं.मिति</th><th>फर्म पार्टी तथा उपभोक्ता समितिको नाम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४३३।०७९।२।२९</td><td>फोहोर व्यवस्थापनको लागि सेवाकरार (भौ.नं.२६०।१२।८ वाट फागुन भुक्तानी भैसकेकोमा यस भौचरबाट समेत फागुनको भुक्तानी)</td><td>८१६००।-</td><td>१०८८००।-</td><td>२७२००।-</td></tr>
<tr><td>५५।०७८।९।११</td><td>ल्याण्ड फिल्ड साईट निर्माण कोण्डा कन्स्ट्रक्सन</td><td>१८७६००।-</td><td>१९०२१२।</td><td>२६१२।-</td></tr>
<tr><td>५४५।०७९।३।२२</td><td>वडा कार्यालय मर्मत कार्य उ.स.</td><td>६१९९६।-</td><td>७५०००।-</td><td>१३०००।-</td></tr>
<tr><td>५५८।०७९।३।२४</td><td>खुर्सानीवोट राघिखोला धुम सडक उ.स.(पेश्की रकम कट्टा नगरी भुक्तानी)</td><td>५८७९७०।</td><td>६८७९७०।-</td><td>१०००००।-</td></tr>
</table>
</td><td>२६७,८७२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५७०,५७३,५७५।०७९।३।२४</td><td>मानव सेवा आश्रम भवन नि.उ.स</td><td>१०४१४०८।</td><td>११५२०००।-</td><td>११०५९२।</td></tr>
<tr><td>१३।०७८।११।३०</td><td>(गत वर्ष भुक्तानी, जैमनीधाम कुश्मीसेरा सडक मर्मत हिलसाईड नि.से (मु.अ.कर दोहोरो भुक्तानी)</td><td>१११२८७।</td><td>१२५७५५।-</td><td>१४४६८।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२६७८७२।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सम्झौता भन्दा बढी भूक्तानी<br>बढी भूक्तानी १६३।२०७८। सार्वजनिक खरिद नियमाववली, २०६४ को नियम १२३ मा विल विजकको भूक्तानी नापी किताव अनुसार प्राविधिक नापजाँचको आधारमा हुनुपर्ने उल्लेख छ । कार्यालयले वडा नं.३ तागा गाजादह सडक निर्माण उपभोक्ता समितिसंग रु.१०५६७५०।— मध्ये ८९.९० प्रतिशत कार्यालयले व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदन तथा मुल्याकंन अनुसार रु.१०४२७२६। को मात्र कार्य भएकोमा प्राविधिक सिफारिस तथा सम्झौता अनुसार रु.९३७३९३।— भूक्तानी खर्च लेख्नु पर्नेमा रु.९५००००।— भुक्तानी खर्च लेखेकोले बढी भूक्तानी रु.१२६०७।— उपभोक्ता समितबाट असूल हुनुपर्ने रु.</td><td>१२,६०७</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कर बिजक<br>उपभोक्ता समिति र कार्यालय बीच सम्झौताको दफा ९ मा मुल्य अभवृद्धि कर लाग्ने तथा सेवा खरिद गर्दा २० हजार भन्दा बढीको सामाग्रीमा अनिवार्य रुपमा मु.अ.कर दर्ता प्रमाणपत्र प्राप्त गरेको व्यक्ति, फर्म संस्था कम्पनीबाट खरिद गर्नु पर्ने र अन्यथा खरिद गर्ने पदाधिकारी स्वयं जिम्मेवार हुने उल्लेख छ । मु.अ.कर नियमावली, २०५३ अनुसार मु.अ.करमा दर्ता भएको व्यक्ति, फर्म, संस्था र कम्पनीबाट कार्य गर्दा अनिवार्य रुपमा कर विजक विल जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितलाई भूक्तानी गर्दा डोजर रोलर भाडामा लिई भाडा रकम भूक्तानीमा साधारण भरपाई मात्र संलग्न गरेको तर कर विजक जारी नगरेको अवस्था देखिन्छ । उदाहरणको लागी केही निर्माण व्यवसायीले भरपाई मात्र राखी निम्नानुसार भूक्तानी लिएका छन्:
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>बजेट खर्च रकम</th><th>मेसिन भाडाको भरपाई पेश</th></tr>
<tr><td>९४।२०७८।१०।११</td><td>वस्रोत देउराली मोटर बाटो उ.स.</td><td>४०००००।-</td><td>४२७१६६।-</td></tr>
<tr><td>१०९।२०७८।१०।१७</td><td>वडा भित्रका सडक सफाई उ.स</td><td>३०००००।-</td><td>३२०२५०।-</td></tr>
<tr><td>१२०।०७८।१०।२०</td><td>पाहि वर्देङ सर्कुवा मोटरवाटो उ.स</td><td>२०००००।-</td><td>२१९७२७।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| १६७।०७८।११।१० | चौरमुनी काउले चोक सडक उ.स | ५०००००।- | ५३१०००।- |
| १९२।०७८।११।२२ | कोरीडोर रातामाटा मोटर वाटो उ.स. | ४०००००।- | ४२६५९१।- |
| २२३।०७८।१२।१ | दमेक पैंयुदहसडक निर्माण उ.स. | ८०००००।- | ८४७०४७।- |
| २६८।०७८।१२।१० | मोर्नेवा मेलपोखरा सडक नि.उ.स | ९०००००।- | ९५८८३०।- |

४७

**बढी परिमाणको कार्य र भुक्तानी**

उपभोक्ता समिति र कार्यालय विच भएको सम्झौताको दफा ११ मा तोकिएको काम भन्दा बढी गर्ने, काम नै नगर्ने वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी र कम कार्य भएको माग गर्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालोसूचीमा राखी कारवाही गर्नुपर्नेछ उल्लेख छ । उपभोक्ता समितिले पेश गरेको मुल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार लागत अनुमानमा उल्लेख भएको कार्य भन्दा बढीको कार्य देखाई देहाय अनुसार आईटम घटी बढी देखाई भुक्तानी खर्च लेखेकोले सम्झौता अनुसार आईटममा थप कार्य भएको रकम सम्वन्धमा स्पष्ट आधार पेश हुनुपर्दछ ।

| कामको विवरण | आईटम बढी भएको विवरण | लागत अनुमानमा | भएको | बढी कार्य | दर | रकम |
|---|---|---|---|---|---|---|
| मुलवाटो देखी कंडेल वस्ती सडक | साधारण चट्टान | १२.२९ घमी | १३०.५ | ११८.२२ | २५०।- | २९५५३।- |
| नामथुम सडक निर्माण उ.स. | कडा चट्टान कार्य | १७३.०३ | २७४.३ | १०१.२८ | १३५०।- | १३६७२४।- |
| कोरीडोर रातामाटा मोटर वाटो | मध्यम चट्टान कार्य | ६९.६७ | १४३.७ | ७४.०३ | ५६०।- | ४१४५५।- |
| भुनिया वेलवगर पदयात्रा | साधारण चट्टान काट्ने | ५६८.३८ | ९८६.१३ | ४१७.७५ | २५०।- | १०४४३६।- |
| विकास पौडेल स्मृति पद मार्ग | ढुंङ्गाको सिमेण्ट जोड्ने कार्य | १७.७८ | २३.३१ | ५.५४ | १०१४५।- | ५६१५३।- |
| विकास पौडेल स्मृति पद मार्ग | सिमेण्ट जोडाईमा ढुंङ्गाको कार्य | ९.६ | १४.६३ | ५.०३ | १०२५८।- | ५१६१९।- |
| किटेनी कालाखोला सडक नि.उ.स. | कडा चट्टान काट्ने कार्य | - | १०५.८४ | १०५.८४ | १३५०।- | १४२८८४।- |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कालीगण्डकी कोरीडोर चोखेक सडक नि.उ.स</td><td>मध्यम चट्टान काट्ने कार्य</td><td>१४५.६</td><td>२०६.६४</td><td>६१.०४</td><td>५७०।-</td><td>३४७९२।-</td></tr>
<tr><td>प्रगतीसिल आमा समुह</td><td>प्लास्टर कार्य १ः ४</td><td>२५.९८</td><td>८८.३१</td><td>६२.३४</td><td>५४०।-</td><td>३३६८७।-</td></tr>
<tr><td></td><td>पि.सी.सी.१ः १M ५ः ३</td><td>१.६९</td><td>३.५६</td><td>१.८७</td><td>१७६८३।-</td><td>३३०४४।-</td></tr>
<tr><td></td><td>जालीको काम १ः ५ः १ः १</td><td>१०.५</td><td>२४००</td><td>१३.५</td><td>४१५३।-</td><td>५६०७१।-</td></tr>
<tr><td>त्याङ देखि त्याङ वगर सम्म मोटरबाटो उ.स.</td><td>मध्यम चट्टा काट्ने</td><td>५६० घ.मी.</td><td>४८० घ.मी.</td><td>८१.०९ घ.मी.</td><td>५६०।-</td><td>४५४१२।-</td></tr>
<tr><td>जैमिनीधाम ध्यान केन्द्र उ.स.</td><td>१.४ सिमेण्टमा ढुंगाको कार्य</td><td>६.१८ घ.मी</td><td>१२.१२ घ.मी</td><td>५.९४ घ.मी</td><td>९२५१।-</td><td>५४९९२।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
तारजाली खरिद<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार विल विजकको भूक्तानी प्राविधिक नापजाँच नापी किताव र खरिद विल भरपाई अनुसार हुनुपर्ने उल्लेख छ । कार्यालय र उपभोक्ता समिति बीच सम्झौता भै विभिन्न साईजका तारजाली प्रयोग गरी निर्माण कार्य सम्पन्न भएकोमा खरिद भएको तारजाली विल भन्दा नापी मुल्याङ्कनमा उल्लेख भएको तारजाली संख्या बढी देखिएकोले खरिद भन्दा बढी प्रयोग भएको यकिन हुने अवस्था देखिएन । अतः उक्त तारजाली प्रयोग कार्यालयबाट यकिन गर्नुपर्ने रु.
<table>
<tr><th rowspan="2">भौ.नं./मिति</th><th rowspan="2">उपभोक्ता समितिको नाम</th><th rowspan="2">विवरण</th><th colspan="2">जाली खरिद विल अनुसार</th><th colspan="2">मुल्यांकन विल</th><th rowspan="2">फरक रकम</th></tr>
<tr><th>वटा</th><th>रकम</th><th>वटा</th><th>रकम</th></tr>
<tr><td>९७।०७८।१०।१२</td><td>पुरानो स्वास्थ्य चौकी संरक्षण</td><td>२.१.१ जाली</td><td>५</td><td>१५०००।-</td><td>१०</td><td>४३१००।-</td><td>२८०००।</td></tr>
<tr><td>९७।०७८।१०।१२</td><td>पुरानो स्वास्थ्य चौकी संरक्षण</td><td>२.१/२ जाली</td><td>२</td><td>४२००।</td><td>३</td><td>१२७७७।-</td><td>४२५९।-</td></tr>
</table>
</td><td>६३,३८६</td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६३।०७८।११।१० | वडा नं.३ तागा नेपाने गाजा दह सडक | १.५.१ | २० | ४२४८०।- | २० | १३३८९४। | - |
| | | ३.१.१ | ३ | ११९४६। | - | - | - |
| | | २.१.१ | ७ | १९८१७। | ११ | ९९२९६ | १८०५२। |
| २६८।०७८।१२।१० | मोनेबा ढाव भेलपोखरा सडक | २.१.१ | ५ | १५०४४। | ६ | ४८५९३। | ४०४९ |
| | | १.५.१.१ | ५ | १०६१९। | ४ | २४९२३। | - |
| ४२३।०७९।२।२२ | निरिङ्गे कोलडाडा चनौटे सडक | १.५.१.१ | ३४ | ७३४९२। | ३४ | १४७२८३। | - |
| | | २.१.१ | १२ | ३२९४९। | १४ | २०७६१९। | ९०२६।- |
| | **जम्मा** | | | | | | ६३३८६। |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **स्काभेटर उपयोग**<br>स्क्याभेटरको दर विश्लेषण र स्काभेटरले खनेको माटो र भाडा दर परीक्षण गर्दा औषतमा स्काभेटरले बढी घण्टा कार्य गरेको देखिन्छ । स्काभेटरले साधारण माटो प्रति घण्टा ९७.५२ कडा माटो ८०.१५ साधारण चट्टान ५७.३४ मिडियम चट्टान ५०.३८ र कडा चट्टान ४३.४२ खन्न काट्न, सक्ने सडक विभागको नर्मसवाट देखिन्छ । स्काभेटरले औषतमा देहाय अनुसार प्रतिघण्टा माटो तथा चट्टान काटेको देखिएकोले सोको कारण स्पष्ट गर्नुपर्दछ । | |

| कामको विवरण | कार्य भएको घ.मी | हुनुपर्ने घण्टा | भएको घण्टा | बढी घण्टा | प्रति घण्टा दर | फरक रकम |
|---|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कवै पुरानो गाउ सडक निर्माण</td><td>२७२७</td><td>४१.४६</td><td>६२.८</td><td>२१.३३</td><td>५२८०।-</td><td>११२६२७।-</td></tr>
<tr><td>चौरमुनी काउलेचोक सडक उ.स</td><td>४२४९.९६</td><td>६४.६२</td><td>१००.५६</td><td>३५.९४</td><td>५२८०।</td><td>१८९८००।-</td></tr>
<tr><td>कुश्मीसेरा सर्कुवा</td><td>९६४.५</td><td>१४.६६</td><td>६४.५९</td><td>४९.९३</td><td>५२८०।-</td><td>२६३६४३।-</td></tr>
<tr><td>खोल्ले बाघखोर सडक निर्माण उ.स.</td><td>२८९९</td><td>४४.०९</td><td>१२७.०४</td><td>८२.९४</td><td>५२८०।-</td><td>४३७९२३।-</td></tr>
<tr><td>नाम्दुक सावली बाघखोर सडक उ.स.</td><td>४२९८.३६</td><td>६५.३६</td><td>११३.४</td><td>४८.०४</td><td>५२८०।-</td><td>२५३६५१।-</td></tr>
<tr><td>यु वडा कार्यालय केवै सडकउ.स.</td><td>८८६.१</td><td>१३.४७</td><td>८२.१६</td><td>६८.६९</td><td>५२५०।-</td><td>३६०६३२।-</td></tr>
<tr><td>वोट हुदै धुल्लु केवै वरेङ सडक उ.स.</td><td>११७५०.९</td><td>१७८.६९</td><td>२५८.४१</td><td>७९.७२</td><td>५२८०।-</td><td>४२०९४०।-</td></tr>
<tr><td>त्याङ वगर सम्म मोटरबाटो उ.स</td><td>७९११</td><td>१२०.३</td><td>२०८.११</td><td>८७.८१</td><td>५२८०।-</td><td>४६३६३६।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>पेश्की बढी भुक्तानी<br>सार्वजनिक खरिद नियमाववली, २०६४ को नियम ११३ मा पेश्की भूक्तानी र फर्स्यौट गर्ने ब्यवस्था छ । उपभोक्ता समितिलाई ३३ प्रतिशत सम्म पहिलो पेश्की भूक्तानी खर्च लेख्न सकिने उल्लेख भएकोमा कार्यालयले कालीगण्डकी करीडोर देखि चोखेक सिमाना सम्म सडक निर्माण गर्न उपभोक्ता समिति संग रु.५०००००।— को सम्झौता भएकोमा शिफारीस अनुसार रु.१५००००।— पेश्की खर्च लेख्नुपर्नेमा रु.३०००००।— पेश्की खर्च लेखी रु.१५००००।— बढी पेश्की भूक्तानी भएको देखिन्छ । यसरी ऐन नियम तथा शिफारीस भन्दा बढी पेश्की असुल हुनु पर्ने रु</td><td>१५०,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>अनुदान<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा विद्यालयलाई भवन निर्माण, पुस्तकालय, ICT Lab तथा विज्ञान प्रयोगशाला जस्ता अनुदान दिदा दोहोरो नपर्नेगरी त्यस्ता अनुदान पहिला नपाएका विद्यालयहरुलाई उपलव्ध गराउन प्राथमिकता दिनुपर्ने ब्यवस्था छ । पालिका स्थित विद्यालयहरुले पाएको अनुदान परीक्षण गर्दा एउटै विद्यालयलाई २ वटा भवन, ICT Lab र पुस्तकालय जस्ता अनुदान उपलव्ध गराएको देखियो । पालिका तथा तालुक निकायले मापदण्डमा स्पष्ट गरी अनुदान वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>कार्य स्वीकार प्रतिवेदन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३८।०७९।३।२४- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन तथा भौतिक सुविधा वृद्धिका लागि राष्टपति शैक्षिक सुधार कार्यक्रममा ४ कोठे तथा २ कोठे भवन निर्माणका लागि क्रमशः रु.३६००००००।- र १२६०००००।- बजेट विनियोजन गरेको देखियो । पालिकाका १० विद्यालयहरुलाई ४ कोठे तथा ७ विद्यालयहरुलाई २ कोठे भवन निर्माणका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रको च.नं.१२५ मिति २०७९।३।१७ को पत्रको आधारमा कार्य प्रगतिको आधारमा खाता फुकुवा गर्नेगरी रु.४ करोड ८६ लाख विद्यालयको नाममा निकासा पठाएको छ । विद्यालय भवन निर्माण सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>शान्ति मा.वि., कुस्मिसेरा</td><td>४ कोठे, २ कोठे</td><td>५४०००००।</td></tr>
<tr><td>भरतपुरी मा.वि., दमेक</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>जनशिक्षित मा.वि., अर्जेवा</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>संस्कृत मा.वि.,जैदी</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>जनकल्याण मा.वि., छिस्ती</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>विजुवा मा.वि., पैयु</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>जनता मा.वि., पैयु</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>जनता मा.वि.,राङखानी</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>सतिढुंङ्गा मा.वि., जैदी</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>गाउफर्क आ.वि., पैंयु</td><td>४ कोठे</td><td>३६०००००।-</td></tr>
<tr><td>छिस्ति आ.वि.,छिस्ती</td><td>२ कोठे</td><td>१८०००००।-</td></tr>
<tr><td>जनप्रिय आ.वि.,सर्कुवा</td><td>२ कोठे</td><td>१८०००००।-</td></tr>
<tr><td>जनकल्याण मा.वि,अर्जेवा</td><td>२ कोठे २ वटा</td><td>३६०००००।-</td></tr>
<tr><td>सर्वोदय जनक मा.वि.,विनामारे</td><td>२ कोठे</td><td>१८०००००।-</td></tr>
</table></td><td>४८,६००,००० </td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | केवैखानी प्रा.वि., छिस्ती — २ कोठे — १८०००००।-<br>जम्मा — ४८६०००००।- | |
| ५३ | | | **सत्यापान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ मा विद्यालयहरुलाई छात्रवृत्ति पाठ्यपुस्तक तथा विद्यार्थि संख्याको आधारमा दिइने अनुदानका लागि IEMS का अतिरिक्त पालिकाले विद्यालयहरुमा स्थलगत रुपमा गई विद्यार्थिको वास्तविक संख्या यकिन गरी अनुदान निकासा दिनपर्ने ब्यबस्था छ। पालिकाले सत्यापनबाट कायम विद्यार्थि संख्याको आधारमा नभई IEMS मा उल्लिखित विद्यार्थी संख्याका आधारमा अनुदान निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार वास्तविक विद्यार्थी संख्याको आधारमा विद्यालयहरुलाई अनुदान उपलव्ध गराउनु पर्दछ । | |
| ५४ | | | **सेनीटरी प्याड**<br>सेनीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मका छात्रहरुको संख्या यकिन गरी उनीहरुको महिनामारी व्यवस्थापनका लागि प्रत्येक शैक्षिक सत्रमा १० महिनालाई पुग्ने गरी सेनिटरी प्याड खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष १९४७६ थान सेनिटरी प्याडको लागि रु.१४५४१३३।— खर्च लेखेकोमा १६२३ किशोरीका लागि ९४५६ वितरण भई १००२० थान मौज्दात रहेको छ । लक्षित विद्यार्थि संख्या यकिन नगरी बढी संख्यामा खरिद गर्दा प्याडको गुणस्तर र उपादेयतामा असर पर्न सक्ने भएकोले आवश्यक र उचित मात्रामा खरिद गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ । मौज्दातमा रहेको सेनिटरी प्याडमा रु.७४८१२१।—खर्च भएको छ । | |
| ५५ | | | **मेसिनको उपयोग र अभिलेख**<br>६४।२०७९।३।२१ — कार्यालयमा प्राप्त हुने सामानको तोकिए बमोजिम अभिलेख राखि उपयोग गर्नु पर्दछ । प्राथमिक स्वास्थ्य केन्द्र कुस्मीसेराले यु.एस.जि. ग्रामिण अल्ट्रासाउण्ड प्रोटेवल मेसीन खरिद गरी रु.३९९४५५।— भूक्तानी खर्च लेखेकोमा केन्द्रमा दक्ष कर्मचारी नभएको कारण प्रयोग विहिन रहेको छ । खरिद सामाग्री प्रयोगमा नआउदा मेसीन बिग्रिएर जाने, बिरामीले सेवा नपाउने हुदा उक्त खर्चको उपदेयता रहेको देखिएन । साथै पाम्समा दाखिला नगरी अन्य विधिबाट दाखिला भएका सर्जिकल सामान रु.१६५१९६८।— ल्यापटप खरिद रु.४९८०००।— र फर्निचर खरिद रु.३२०३५५।— समेतको सम्बन्धमा आवश्यक प्रकृया पुरा गरी ऐन नियमले तोके अनुसार दाखिला हुनुपर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । | |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **स्थानीय भत्ता बढी भुक्तानी**<br>पारीश्रमिक खर्च लेख्दा तोकिएको दरमा नबढ्ने गरी खर्च लेख्नु पर्दछ । पालिकाले निम्न ३ कर्मचारीको नाममा कार्तिक देखि फाल्गुण सम्मको तलव खर्च लेख्दा स्थानीय भत्तामा रु.२६१००।- बढी खर्च लेखेको छ । बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | २६,१०० |

| पद, नाम, थर | दर | भुक्तानी भएको | बढी भुक्तानी | अवधि | जम्मा |
|---|---|---|---|---|---|
| हे.अ.तेजेन्द्र थापा | ९५०। | २८५०।- | १९००। | ५ | ९५००।- |
| अ.हे.व.राजु शर्मा | ८३०।- | २४९०।- | १६६०।- | ५ | ८३००।- |
| अ.हे.व.सन्तोष सापकोटा | ८३०।- | २४९०।- | १६६०। | ५ | ८३००।- |
| जम्मा | | | | | २६१००।- |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **कोभिड जोखिम भत्ता बढी भुक्तानी**<br>५।२०७८।६।१९ मा कोभिड नियन्त्रण तर्फ विभिन्न १७ स्वास्थ्यकर्मिलाई ४८१ दिन बराबरको रु.४०६७२५।५१ भुक्तानी गरेको देखियो ।उल्लिखित कर्मचारीले उक्त दिन वरावरको भत्ता दिन मिल्ने स्पष्ट आधार देखिदैन । सो सम्बन्धमा यकिन गर्नु पर्दछ ।संलग्न विवरण तथा फाँटवारी अनुसार रु.३७५२२५।५० भुक्तानी गरेको देखिदा बढी भुक्तानी भएको रकम असूल गर्ने रु. | ३१,५०० |
| ५८ | | | **बढी तलव भूक्तानी**<br>आयुर्वेद कार्यक्रम तर्फ कर्मचारीको श्रावण देखि कार्तिक सम्मको तलव भूक्तानी हुदा क.सं.कोष दोहोरो थप भै रु.९८१८१।— बढी भूक्तानी भएको तर मार्ग महिनाको तलव भूक्तानी खर्च हुदा तलव भत्ता पाउने रु.२६७६८८।— मध्ये रु.९८१८१।— कट्टा गर्दा रु.१६९५०७।— मात्र भूक्तानी खर्च लेख्नु पर्नेमा रु.१८२३०८।— भूक्तानी खर्च भएकोले बढी भूक्तानी भएको नपुग रकम कार्यालयबाट यकिन गरी असूल हुनुपर्ने रु. | १२,८०१ |
| ५९ | | | **प्रशिक्षण भत्ता बढी भुक्तानी**<br>प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशबाट स्वीकृत खर्चको मापदण्ड, २०७५ दफा ४ मा तालीम केन्द्र बाहेक अन्य निकायबाट संचालित सवै प्रकारका तालिमका श्रोत व्यक्ति/ प्रशिक्षकको पारीश्रमिक अधिकृत स्तरको तालिममा Handsout वापत रु.१५००।-, सहायक स्तर रु.१२००।— र कक्षा संचालन प्रशिक्षक भत्ता दुवै तालीममा रु.१०००।— पाउने र सम्बन्धित कार्यालयले | |

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संचालन गरेको तालीममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारीश्रमिक पाइने छैन भन्ने उल्लेख छ । कार्यालयले श्रोतव्यक्तिलाई भत्ता दिएको, उपस्थित दिन भन्दा बढीको भत्ता भूक्तानी, व्यवस्थापन तथा सहजकर्ता १ जनाले भत्ता पाउनेमा बढीलाई भुक्तानी भएको, पदाधिकारी अनुगमन भत्ता नपाउनेमा भत्ता भुक्तानी, निरीक्षण भत्ता १ जनाले पाउनेमा बढीलाई भूक्तानी, प्रशिक्षक भत्ता १०००।— मात्र पाउनेमा १५००।— भूक्तानी भै बढी भूक्तानी भएको देहाय अनुसार कार्यालयबाट यकिन गरी असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>तालिमको नाम</th><th>तालिम दिने व्यक्ति,संस्था</th><th>भूक्तानी रकम</th><th>नपाउने भुक्तानी</th></tr>
<tr><td>१३०।०७८।१०।२४</td><td>वडा स्तर शिक्षकको क्षमता अभिवृद्धि</td><td>सुन्तलाचौर मा.वि.</td><td>१०००००।-</td><td>२४०००।-</td></tr>
<tr><td>३५।०७८।८।६</td><td>सूचना प्रविधि प्रयोग</td><td>हेमराज थापा</td><td>२५५५००।-</td><td>१८०००।-</td></tr>
<tr><td>१९।०७९।३।८</td><td>जडीवुटी परिचयात्मक तालिम</td><td>लक्ष्मी प्रसाद शर्मा</td><td>-</td><td>१२५००।-</td></tr>
<tr><td>४४८।२०७९।३।१३</td><td>साक्षरता तथा सहकारी शिक्षा</td><td>सिवाईसी सहकारी संस्था</td><td>३०००००।-</td><td>२६०००।-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८०५००।-</td></tr>
</table></td><td>८०,५००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>दरबन्दी बेगर तलव<br>स्वास्थ्य तर्फ एक जना चिकित्सक, २ अ.हे.व. र २ अ.न.मी. नगरपालिकाले आफ्नै स्रोतमा भुक्तानी दिनेगरी करारमा नियुक्ति गरेकोमा निजहरुको तलव भत्ता संघीय सरकारको स्रोतबाट गरेको देखिदा नियमित नदेखिएको रु.</td><td>८८१,९९५</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>प्रसूती गराए वापत भत्ता<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार सरकारी रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणालीको अनुसरण गरी नगदी, जिन्सी सरकारी सम्पत्ती हानी, नोक्सानी, दुरुपयोग, दोहोरो कार्य अनावश्यक रुपमा अन्य निकायबाट भए नभएको यकिन गरी कार्यक्रम संचालन गर्ने र खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले समानीकरण पूँजिगत शिर्षकबाट स्वास्थ्य संस्थामा ४ पटक चेक जाँच गराई सुत्केरी हुने प्रतिव्यक्तिलाई प्रोत्साहन भत्ता र स्वास्थ्यकर्मिलाई विशेष भत्ता वापत ५ जनालाई रु.२००५०।— भुक्तानी गरेको देखियो । उक्त प्रोत्साहन भत्ता ससर्त अनुदान चालु कार्यक्रमबाट समेत सोही कार्यको लागी भूक्तानी हुने हुदा यसरी भत्ता दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **बिउ अनुदान बढी भुक्तानी**<br>खरिद गर्दा स्वीकृत दर रेट भन्दा बढी हुनेगरी खर्च गर्न हुदैन । पालिकाले विउमा ५० प्रतिशत अनुदान खर्च गर्दा स्वीकृत जिल्ला दररेट भन्दा बढी हुने गरी अनुदानमा रु.१३७०००।– खर्च लेखेको छ । स्वीकृत जिल्ला दर रेट भन्दा बढी हुने गरी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | १३७,००० |

| भौ.नं./मिति | विउ | खरिद परिमाण | खरिद दर | जिल्ला दर | बढी खर्च | ५० प्रतिशत |
|---|---|---|---|---|---|---|
| ६७।९।२१ | गहु विउ गौतम | ६००० के.जी | ११६.६७ | ८५ | १९००००। | ९५०००।- |
| २९३।२।१८ | मकै विउ मनकामना ३ | २००० के.जी | १२० | ८५ | ७००००। | ३५०००।- |
| ३७८।३।२५ | जेठो बुढो धानको विउ | १२० के.जी | ३०० | १८० | १४४०० | ७२००।- |
| जम्मा | | | | | २७४४००। | १३७२००।- |

| क्रम | भौ.नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **मिनिटेलरमा बढी भुक्तानी**<br>कृषि तथा पशु कार्यक्रम संचालन निर्देशिका तथा वडा नं.९ वडा समितिको मिति २०७८।१०।२७ को निर्णय अनुसार अनुदान रकममा ५० प्रतिशत भुक्तानी दिने उल्लेख छ । साथै अन्य मिनिटेलरको भुक्तानीमा ५० प्रतिशत मात्र अनुदान भुक्तानी दिने गरेकोमा कृषि तथा भेटेरीनरी कार्यक्रम संचालन गरी औषधी खरिद रु.६१८७५।—मिनिटेलर रु.५००००।— को ५० प्रतिशतले रु.२५०००।— समेत रु.८६८७५।— भुक्तानी खर्च लेख्नु पर्नेमा (मिनिटेलरमा ७० प्रतिशत अनुदान दिई रु.३५०००।—)—ना.प्रा.स. यमुना थापालाई भुक्तानी रु.९६८७५।- खर्च लेखेकोले बढी भुक्तानी असुल हुनुपर्ने रु. | १०,००० |
| ६४ | | | **मुल्य अभिवृद्धि करकट्टी**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ३० प्रतिशत सम्वन्धित राजश्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.१४४१८।- कट्टी गरी राजश्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।अतः उक्त रकम मु.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.. | १४,४१८ |

| भौ.नं./मिति | भुक्तानी पाउने | प्यान नं. | भूक्तानी रकम | मु.अ.कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौ.नं.</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१३।०७८।११।३०</td><td>हिलसाईड निर्माण सेवा</td><td>-</td><td>१११२८७।-</td><td>१४४६७।</td><td>४३४०।-</td></tr>
<tr><td>४८।०७९।२।२२</td><td>वडा नं.६, कार्यालय भवन मर्मत</td><td>-</td><td>२५८४१८।-</td><td>३३५९४।-</td><td>१००७८।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।जैमिनी नगरपालिकाले स्थानिय तह भित्रका १० वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम संचालन गरी यस वर्ष कूल बेरोजगार संख्या ८९० मध्ये २०१ जनालाई रोजगारी दिई १० दिन देखी ६७ दिन सम्म औषतमा ६२.७७ दिन रु.९४ लाख ७३ हजार ७६९ खर्च गरेको छ । पालिकाले समानिकरण पूँजीगत र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट एउटै योजनामा कार्य गरेको देखाई मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको छ । जसबाट दोहोरो भुक्तानी नभएको अवस्था यकिन गर्न सकिएन ।सो सम्वन्धमा कार्यालयबाट यकिन हुनुपर्दछ । कामका लागि पारीश्रमिकमा आधारित आयोजना कार्यान्वयन कार्यविधि, २०७७ मा सूचीकृत बेरोजगार व्यक्तिलाई १०० दिनको रोजगारी उपलब्ध हुनेगरी आयोजना कार्यान्वयन गर्नुपर्ने, एउटा आयोजना एउटा वडा भित्र संचालन गर्ने, १ लाख भन्दा बढीको कार्यमा रोजगार उपभोक्ता समिती गठन गर्नुपर्ने उल्लेख छ । पालिकाले सो कार्यविधिमा उल्लेखित सर्तहरु पुर्ण रुपमा लागु गरेको देखिएन । अतः कार्यविधिमा उल्लेख भएका सर्तहरु पूर्ण रुपमा लागु हुनुपर्दछ ।</td><td></td></tr>
